तेह्रथुम जिल्ला अदालत
म्याङलुङ
स्था : २०१७

विगो नं.-१०(०८०/८१)

# तेह्रथुम जिल्ला अदालत

## लिलाम बढावढको सुचना

वादी जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. ८ बस्ने वीर बहादुर रुम्बाको छोरी चन्द्र शेखर तामाङको पत्नि वर्ष ५८ की ललिता रुम्बा तथा प्रतिवादी ऐ.ऐ. वडा न. ८ सिद्धार्थमार्ग बस्ने वर्ष ७२ को मेहरमान लिम्बू भएको लेनदेन विगो मुद्दामा सुनसरी जिल्ला अदालतको मिति २०७९/१०/०४ गतेको फैसला बमोजिम वादीले प्रतिवादीबाट मिति २०७७/०९/०७ गते को कपाली तमसुकमा उल्लेखित रकम रु.१६,२०,०००/- (सोह्र लाख बिस हजार रुपैयाँ) तथा लिखत मितिबाट भरिभराउका मिति सम्मको कानूनबमोजिम १०% ब्याज समेत भराई पाउने गरी फैसला भई यस अदालतको तहसिल शाखामा लगत प्राप्त भई वादीले भराई पाउने विगो प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा प्रतिवादीको जेथाबाट विगो रकम असूल उपर गरी पाउँ भनी वादीले निवेदन दिएको र प्रतिवादीलाई सुनसरी जिल्ला अदालतबाट जारी भएको ७ (सात) दिने सूचना मिति २०८०/०२/२१ गते तामेल भई सो सूचनामा अनुपस्थित रहेको र निजको थाम्ने थमाउने म्याद समेत ब्यतित भईसकेको अवस्थामा वादीले देखाएको जायजेथाको जायदात मुचुल्का भई पञ्चकृति मुल्याङ्कन समेत भएर प्रतिवादीको उक्त सम्पती २०८०/११/२२ गते यस अदालतमा पहिलो पटकको डाँक लिलाममा कसैले सकार नगरेको हुँदा पुनः यहि मिति २०८०/१२/२९ गते दोस्रोपटक डाक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. यस अदालतको तहसिल शाखामा मिति २०८०/१२/२९ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ।बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

**डाँक लिलाम हुने सम्पत्तिको विवरण**

| सि.नं. | जग्गाधनीको नामथर | गा.वि.स./ न.पा. | कि नं | क्षेत्रफल | लिलाम हुने जग्गाको तर्फ | लिलाम हुने क्षेत्रफल | डाँक बोल्नुपर्ने न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मेहरमान लिम्बू | खाम्लालुङ-४<br>खाम्लालुङ-८<br>खाम्लालुङ-८<br>खाम्लालुङ-४<br>खाम्लालुङ-८ | २५<br>१८३<br>४०९<br>७०<br>४१० | २७-४-३-०<br>१-५-१-०<br>०-९-१-३<br>६-६-०-०<br>४-४-३-३ | सम्पूर्ण जग्गा लिलाम हुने। | सम्पूर्ण जग्गाहरु | पञ्चकृति मुल्याङ्कन बमोजिम | |

**सूचना टाँस हुने**

- जिल्ला प्रशासन कार्यालय तेह्रथुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय तेह्रथुम
- मालपोत कार्यालय तेह्रथुम
- नापी कार्यालय तेह्रथुम
- मालपोत कार्यालय सक्रान्तीबजार
- नापी कार्यालय सक्रान्तीबजार
- आठराई गाउँपालिका वडा नं. २ को कार्यालय
- साविक खाम्लालुङ गा.वि.स. वडा नं. ४ को कि.न. २५ समेतको जग्गा
- अदालतको सूचना पाटी

श्रेस्तेदार
उप-सचिव

ईती संम्बत २०८० साल फागुन २२ गते रोज ३ शुभम्